# धुवाँ अलार्महरू (धुवाँ सचेतक यन्त्रहरू)

**कानून बमोजिम, भिक्टोरियाका सबै आवासीय घरहरूमा उनीहरूको घरको प्रत्येक तल्लामा कम्तिमा एउटा धुवाँ अलार्म (धुवाँ सचेतक यन्त्र) राखिएको हुनुपर्छ।**

**FRV र CFA ले छेडछाड प्रतिरोधी कोष्ठमा १० वर्षको आयु भएको लिथियम ब्याट्रीले चल्ने धुवाँ अलार्म राख्न सिफारिस गर्दछ।**

- तपाईंको घरमा सबै धुवाँ अलार्महरू एक-आपसमा जोडिएको हुनुपर्छ।
- तिनीहरू छुट्टा छुट्टै (स्ट्यान्डअलोन) (240v बिजुलीमा नजोडिएको) वा बिजुलीको तार जडित (हार्ड - वायर्ड) (240v बिजुलीमा जोडिएको) हुन सक्छन्।







## मासिक

- परीक्षण बटन थिच्नुहोस् र धुवाँ अलार्मले काम गरिरहेको सुनिश्चित गर्नुहोस्
- अलार्म तीन पटक सम्म बजुन्जेल (बिप) थिचिरहनुहोस्

## वार्षिक

- धुवाँको अलार्म वरिपरि जम्मा भएको धुलो हल्कासँग पुछनुहोस् वा सफा गर्नुहोस्
- यदि तपाईंसँग 9 भोल्टको ब्याट्री भएको धुवाँ अलार्म छ भने ब्याट्रीलाई वार्षिक रूपमा बदल्नुहोस्

## प्रत्येक 10 वर्षमा बदल्नुहोस्

- सबै धुवाँ अलार्महरू (हार्ड - वायर्ड र स्ट्यान्डअलोन) प्रतिस्थापन गर्न आवश्यक छ

FIRE RESCUE VICTORIA


CFA

# मैले मेरो धुवाँ अलार्म कहाँ राख्ने?

- धुवाँ अलार्महरू भित्ताबाट कम्तिमा 30 सेन्टिमिटरको दुरीमा सिलिङमा राख्नु पर्छ।
- धुवाँ अलार्म प्रत्येक सुत्ने ठाउँ र बाँकी घरको बीचमा हुनुपर्दछ।
- अष्ट्रेलियन फायर सर्भिसले घरमा बस्ने सबै ठाउँहरू, प्यासेजहरू र सुत्ने कोठाहरू, वा मान्छे सुत्ने कुनै पनि कोठाहरूमा धुवाँ अलार्महरू राख्न सिफारिस गर्दछ।
- धुवाँ अलार्मले अष्ट्रेलियन मापदण्ड AS3786 पूरा गर्नुपर्छ।

**धुवाँ अलार्म सुत्ने ठाउँहरू र बाँकी घरको बीचमा हुनुपर्छ**

**थप सुरक्षा प्रदान गर्न तपाईंले धुवाँ अलार्म राख्न सक्ने अतिरिक्त स्थानहरू**




चल्ने धुवाँ अलार्मले मात्र जीवन बचाउँछ।
धुवाँ अलार्मको बारेमा थप विवरणहरूको लागि यहाँ स्क्यान गर्नुहोस्।

**थप आगलागी सुरक्षा जानकारीको लागि frv.vic.gov.au/cfa.vic.gov.au मा जानुहोस्।**